# प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारिता अध्ययन प्रतिवेदन

आ. व. २०८० /८१

महिला, बालबालिका, जेष्ठ नागरिक,श्रम तथा सामाजिक सुरक्षा शाखा
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौ

# विषयसूची


१. पृष्ठभूमि ...... १

२. कार्यक्रमको उद्देश्य: ...... २

३. कार्यक्रम सञ्चालन विधि : ...... २

४. स्थलगत अनुगमन तथा छलफलबाट प्राप्त जानकारीहरूः ...... ३

४.१ दुप्चेश्वर गाउँपालिका, नुवाकोट ...... ३

उपलब्ध गराईएको प्रश्नावलीबाट लिइएका विवरणहरूः ...... ३

४.२ दुप्चेश्वर गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा सेवाग्राहीले प्रधानमन्त्री रोजगार कार्यक्रमको बारेमा राखेका समस्या, राय तथा सुझावहरूः ...... ३

४.३ लिखु गाउँपालिका, नुवाकोट ...... ४

उपलब्ध गराईएको प्रश्नावलीबाट लिइएका विवरणहरूः ...... ४

४.४ लिखु गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा सेवाग्राहीले प्रधानमन्त्री रोजगार कार्यक्रमको बारेमा राखेका समस्या, राय तथा सुझावहरूः ...... ४

४.५ मध्यनेपाल नगरपालिका, लमजुङ ...... ५

उपलब्ध गराईएको प्रश्नावलीबाट लिइएका विवरणहरूः ...... ५

४.६ मध्यनेपाल नगरपालिका लमजुङका जनप्रतिनिधि, कर्मचारी तथा सेवाग्राहीले प्रधानमन्त्री रोजगार कार्यक्रमको बारेमा पेश गरेका समस्या, राय तथा सुझावहरूः ...... ६

४.७ रूपा गाउँपालिका ...... ६

उपलब्ध गराईएको प्रश्नावलीबाट लिइएका विवरणहरूः ...... ६

४.८ रूपा गाउँपालिका कास्कीका जनप्रतिनिधि, कर्मचारी तथा सेवाग्राहीले प्रधानमन्त्री रोजगार कार्यक्रमको बारेमा पेश गरेका समस्या, राय तथा सुझावहरूः ...... ७

४.९ गोरखा नगरपालिका, गोरखा ...... ७

उपलब्ध गराईएको प्रश्नावलीबाट लिइएका विवरणहरूः ........................................................................ ७

४.१० गोरखा नगरपालिका, गोरखाको जनप्रतिनिधि, कर्मचारी तथा सेवाग्राहीले प्रधानमन्त्री रोजगार कार्यक्रमको बारेमा पेश गरेका समस्या, राय तथा सुझावहरूः ........................................................................ ८

५.समस्याहरूः ........................................................................ ९

५. सुझावहरूः ........................................................................ १०

६. निष्कर्षः ........................................................................ १२

अनुसुचीः१, विभिन्न कार्यालयमा अनुगमनको क्रममा कर्मचारी तथा जनप्रतिनिधिहरू सँग प्रधानमन्त्री रोजगार कार्यक्रमको विषयमा छलफलको सन्दर्भमा लिइएको तस्विर ........................................................................ १३

अनुसुची-२ ........................................................................ १५

सरोकारवालासँगको समुह छलफल प्रश्नावली ........................................................................ १५

अनुसूचीः३ ........................................................................ १७

सेवाग्राही लक्षित प्रश्नावली ........................................................................ १७

# १. पृष्ठभूमि

नेपालको सविधानको धारा ३३(१) मा प्रत्येक नागरिकलाई रोजगारीको हक हुने उल्लेख भए बमोजिम रोजगारीको हकसम्बन्धी ऐन, २०७५ र रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ जारी भई कार्यान्वयनमा रहेका छन्। ऐन र नियमावलीको प्रावधान अनुरूप रोजगारमूलक सेवा र सुविधाको विस्तार एवम् नागरिकलाई न्यूनतम रोजगारी प्रत्याभूती गर्दै सामाजिक संरक्षण प्रदान गर्ने प्रमुख उद्देश्यका साथ आ.व. २०७५/०७६ देखि प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ। यसका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ र अन्य कार्यविधिहरू समेत जारी भएका छन्। यसबाट तीनै तहमा कार्यक्रम कार्यान्वयनको लागि संस्थागत प्रबन्ध गरी सबै गाउँपालिका तथा नगरपालिकामा रोजगार सेवा केन्द्र स्थापना भएका छन्।

रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ६ मा रोजगार सेवा केन्द्रको काम, कर्तव्य र अधिकार, एवम् स्थानीय तहभित्र रहेका बेरोजगार व्यक्तिको तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी बेरोजगारको सूची अद्यावधिक गर्ने, सूचिकृत बेरोजगारहरूलाई परिचयपत्र वितरण गर्ने, स्थानीय तहभित्र उपलब्ध रोजगारीका अवसरहरूको पहिचान गरी सोको सूचना प्रवाह गर्ने, स्थानीय तहभित्रका रोजगारीको सम्भाव्य स्थिति विश्लेषण गरी रोजगारीको तथ्याङ्क सङ्कलन गर्ने, रोजगार नक्साङ्कन गर्ने तथा रोजगारीको अवसरको अभिलेखाङ्कन गर्ने र रोजगारदाताका लागि श्रमिक उपलब्धताको सम्भाव्यता जानकारी गराउने आदि रहेको छ।

मूलतः मुलुकभित्र रोजगारीको पर्याप्त अवसर सृजना गरी उपलब्ध जनशक्तिको महत्तम उपयोग गर्न, आर्थिक विकासमा योगदान पुऱ्याउन एवम् न्यूनतम रोजगारी सुनिश्चित गरी सामाजिक संरक्षणको व्यवस्था गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमले न्यूनतम रोजगारी सुनिश्चितगर्ने र आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने दीर्घकालीन सोच लिएको छ। बेरोजगारी, सीप तथा उद्यमशीलताको न्यूनता र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालनमा रहेका कार्यक्रम बीच समन्वय अभावको कारण कार्यक्रमले अपेक्षित प्रतिफल दिन नसक्दा रोजगारी तथा स्वरोजगारीको अभाबमा नागरिकको जीवनस्तरमा सुधार हुन नसक्नुलाई समस्याको रूपमा पहिचान गरी उत्पादनशील रोजगारीमा वृद्दि तथा न्युनतम रोजगारीको प्रत्याभूति मार्फत सामाजिक संरक्षणको उपलब्धी प्राप्त गर्ने लक्ष्य यस कार्यक्रमले राखेको छ।

आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार रोजगार सेवा केन्द्रहरूको सेवा प्रवाहको अनुगमन तथा सर्वेक्षण गर्न बाग्मती र गण्डकी प्रदेश अन्तर्गत केहि स्थानीय तहहरूमा रहेको प्रधानमन्त्री रोजगार कार्यक्रमको अनुगमन एवम् समूह छलफलबाट प्राप्त सुझाव तथा तथ्याङ्कहरूको विश्लेषणबाट यो प्रतिवेदन तयार पारिएको हो।

## २. कार्यक्रमको उद्देश्य:

प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारिता अध्ययनको लागि गरिएको अनुगमनको उद्देश्य देहाय बमोजिम हुनेछ।

- सबै प्रकारका रोजगारमूलक सेवाहरू एकद्वार प्रणालीको रुपमा रोजगार सेवा केन्द्रबाट उपलब्ध भएको छ कि छैन सो बारे जानकारी लिने।
- रोजगार सूचना संकलन तथा सम्प्रेषण, बेरोजगारको पहिचान तथा सूचिकरणको अवस्था कस्तो छ, सबै बेरोजगारीहरूको प्रधानमन्त्री रोजगार कार्यक्रममा पहुँच स्थापित भएको छ छैन सो सम्बन्धमा जानकारी लिने।
- रोजगारदाताहरुसँगको समन्वय र सहकार्यमा रोजगारीको अवसरमा पहुँच स्थापित गर्न रोजगार सेवा केन्द्रले निर्वाह गरेको भूमिका बारे जानकारी लिने।
- रोजगार सेवा केन्द्रमार्फत पहिचान गरिएका सीप तथा तालिम र तिनको राष्ट्रिय तथा स्थानीय कार्यक्रममा सम्बोधनको अवस्थाबारे जानकारी लिने।
- रोजगार सेवा केन्द्रबाट प्रदान गरिने सेवा तथा प्रधानमन्त्री रोजगार कार्यक्रमप्रति सेवाग्राहीहरूको धारणा संकलन गर्ने।
- अनुगमन तथा सर्वेक्षणबाट प्राप्त नतिजाका आधारमा प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारिताको सम्बन्धमा सुधारका लागि सुझाव पेश गर्ने।

## ३. कार्यक्रम सञ्चालन विधि :

प्रधानमन्त्री रोजगार कार्यक्रमको सेवा प्रवाहको अनुगमन, सर्वेक्षण तथा समूह छलफल कार्यक्रममा बागमती प्रदेश र गण्डकी प्रदेश अन्तर्गतका केहि स्थानीय तहहरूमा देहाय बमोजिमको विधिहरूमार्फत अनुगमन गरियो।

१) स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, सेवाग्राही लगायतका सरोकारवाला पक्षहरूसँग समूह छलफल/अन्तर्क्रिया गरी सूचना संकलन गरिएको।

२) रोजगार सेवा केन्द्रको सेवा प्रवाह सर्वेक्षणका लागि प्रश्नावली तयार गरी सेवाकेन्द्र र सेवाग्राहीमार्फत सूचना संकलन गरिएको।

३) रोजगार सेवा केन्द्र मार्फत सञ्चालित कार्यक्रम, सार्वजनिक पूर्वाधारहरूको निर्माण, स्तरोन्नती, विस्तार र संरक्षणमा भएका प्रगतिहरूको प्रत्यक्ष अवलोकन।

## ४. स्थलगत अनुगमन तथा छलफलबाट प्राप्त जानकारीहरूः

### ४.१ दुप्चेश्वर गाउँपालिका, नुवाकोट

**उपलब्ध गराईएको प्रश्नावलीबाट लिइएका विवरणहरूः**

- रोजगार सेवा केन्द्रको स्थापना २०७५ फागुनमा भएको र स्थानीय तहका नागरिकहरुमा प्रधानमन्त्री रोजगार कार्यक्रमको बारेमा सुचना प्रवाह भईरहेको।
- रोजगार सेवा केन्द्रमा एक जना रोजगार संयोजक र एक जना प्राविधिक सहायक रहेको।
- रोजगार सेवा केन्द्रमा हालसम्म पटक पटक गरी कूल ४४९४ जना सूचिकृत बेरोजगार व्यक्तिहरुको सुचिकृत भएको,
- बेरोजगारहरुबाट संकलन गरिएका फाराम EMIS मा प्रविष्ट गरेपछि तोकीएको विवरणको आधारमा System ले स्वत प्राधमिकताक्रम निर्धारण गर्ने गरेको।
- हाल सम्म पटक पटक गरि ९०५ जनालाई रोजगारी प्रदान गरिएको।
- आ.ब. २०७९।८० मा रु ५७७ ज्याला दर निर्धारण गरिएको।
- आयोजनाको लागत निर्धारण तथा कार्यान्वियन गर्न प्राविधिकले योजनाको लागत तयार गरी, उपभोक्ता समिति गठन गरेपछि उक्त समितिले प्राविधिकसँगको परामर्शमा सुचिकृत व्यक्तिहरूको संख्याको आधारमा र बजेटको परिधिभित्र रहेर योजना कार्यान्वन गर्ने गरेको।
- बैंक मार्फत श्रमिकको ज्याला भुक्तानी भएको,
- गुनासो व्यवस्थापन सम्बन्धी व्यवस्था भएको र गुनासोहरु हालसम्म वडा स्तरमा नै समाधान गरिएको,
- सरकारी, निजी, सहकारी संस्था सँग समन्वय तथा सहकार्य गरेको नदेखिएको।
- विभिन्न सामाजिक सञ्जाल तथा सुचनापाटी मार्फत रोजगारीको अवसर बारे सुचना प्रवाह भएको।

### ४.२ दुप्चेश्वर गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा सेवाग्राहीले प्रधानमन्त्री रोजगार कार्यक्रमको बारेमा राखेका समस्या, राय तथा सुझावहरूः

- पर्याप्त श्रममुलक रोजगारीका क्षेत्र उपलब्ध नभएको,
- कामदारहरुलाई सुरक्षित औजारहरु उपलब्ध गराउनु पर्ने,
- कामको प्रकृतिको आधारमा ज्याला दर रेट फरक हुनुपर्ने,(ढुङगा फुटाउने र सरसफाईको लागि एउटै ज्यालादरमा गुनासो)

- संघ र प्रदेशबाट स्थानीय तहमा आयोजित योजनाहरुमा सूचीकृत बेरोजगारहरुलाई प्राथमिकता दिई काममा संलग्न गराउनु पर्ने,
- बेरोजगारहरुलाई सीपमूलक तालिम प्रदान गर्नुपर्ने।
- वैदेशिक रोजगार सम्बन्धी स्थानीय तहमा चेतना बृद्धि गर्ने, गराउनुपर्ने।

## ४.३ लिखु गाउँपालिका, नुवाकोट

**उपलब्ध गराईएको प्रश्नावलीबाट लिइएका विवरणहरू:**

- रोजगार सेवा केन्द्रको स्थापना २०७५ साल फाल्गुन देखि सञ्चालनमा आएको हो भने सुचनाको सम्प्रेषण स्थानीय एफ.एम रेडियो तथा सामाजिक सञ्जालबाट नागरिकलाई सुचना प्रवाह गरिएको छ।
- रोजगार सेवा केन्द्रमा हालसम्म पटक पटक गरी कूल ६६९ (आर्थिक वर्ष २०७९।८०) जना सुचिकृत बेरोजगार रहेको।
- बेरोजगारहरुबाट संकलन गरिएका फाराम EMIS मा प्रविष्ट गरेपछि तोकीएको विवरणको आधारमा System ले स्वत प्राधमिकताक्रम निर्धारण गर्दछ।
- हाल सम्म पटक पटक गरी आ.व. २०७८।७९ सम्ममा १८४ जनालाई रोजगारी प्रदान गरिएको।
- आ.ब.२०७८/७९ मा रु ५७७ ज्याला दर निर्धारण गरिएको।
- आ.व. २०७९/८० मा ७५ जनालाई रोजगारी प्रदान गरिएको।
- आ.व. २०७८।७९ मा आयोजनाको प्रकृति अनुसार यातायात तर्फ १७ वटा, ऊर्जा कृषि तर्फ १० वटा, खानेपानी तथा सरसफाई तर्फ २ वटा, पर्यटन प्रवर्दन तर्फ १० वटा, वन तथा जलाधार क्षेत्र तर्फ २ वटा, शिक्षा तर्फ १ वटा गरी कुल ४२ वटा आयोजनाहरू प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत सञ्चालन भएको।

## ४.४ लिखु गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा सेवाग्राहीले प्रधानमन्त्री रोजगार कार्यक्रमको बारेमा राखेका समस्या, राय तथा सुझावहरू:

- काम गर्ने ईच्छुकको संख्या धेरै तर ज्याला थोरै भएकोले दक्ष कामदारलाई काम लगाउन समस्या,
- सीपयुक्त र शैक्षिक बेरोजगारलाई समेट्न नसक्नु,

- श्रम गर्नुपर्ने स्थान टाढा हुनु,
- प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि प्रतिनिधी तथा कर्मचारी र सेवाग्राहीहरूमा सचेतना पर्याप्त मात्रामा नहुनु,
- सूचीकृत बेरोजगारहरूको लागि क्षमता तथा सिप विकास तालिमहरु सञ्चालन गर्न नसक्नु,
- न्यून पारिश्रमिक हुनु,
- बेरोजगार तथ्याँक सँकलन गर्दा केवल न्यून ज्यालामा काम गर्न ईच्छुकहरुको मात्र तथ्याँक आउने भएकोले बेरोजगार तथ्यांङ्क अपूर्ण रहेको,
- स्थानीय निर्माण व्यवसायी, रोजगारदाताहरुबाट स्थानीय सूचीकृत बेरोजगारहरुको क्षमता, कार्यशैलि प्रती आशङ्का गर्नु। (अर्थात बाहिरी कामदारले जति कार्य स्थानीयले गर्न नसक्ने र नखोज्ने प्रवृति रहेको विश्वास गर्नु।)
- अन्य कार्यक्रमहरुसँग समन्वय गरी एकीकृत रुपमा रोजगारमुलक सेवा तथा तालिम उपलब्ध गराउनु पर्ने। (MEDPA, SAMI)
- रोजगार सेवा केन्द्रका कर्मचारीलाई क्षमता विकास सम्बन्धी तालिम सँचालन गर्नुपर्ने,
- जनप्रतिनिधिलाई रोजगारमूलक, श्रममूलक योजना छनौट सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गर्नुपर्ने।

## ४.५ मध्यनेपाल नगरपालिका, लमजुङ

### उपलब्ध गराईएको प्रश्नावलीबाट लिइएका विवरणहरूः

- २०७५ फाल्गुण महिना देखि संचालनमा आएको , रोजगार सेवा केन्द्रबारे स्थानीय तहका सबै नागरिकहरूलाई सुचना प्रवाह भएको छ।
- हाल सम्म सूचिकृत बेरोजगार व्यक्तिहरूको संख्या पटक पटक गरि ३,९७६ रहेको छ। सुचिकृत बेरोजगारहरू मध्ये पटक पटक गरि ५८४ जनालाई न्युनतम रोजगारी प्रदान गरिएको छ
- यस आ.व. २०८०/८१ मा ७६५ जना सुचिकृत भएको जसमध्ये ६४ जनाले रोजगार पाएको।
- सूचीकृत नामावलीहरु विधुतीय र कागजी भण्डारण गरि राखिएको छ ।
- बेरोजगारहरुबाट संकलन गरिएका फाराम EMIS मा प्रविष्ट गरेपछि तोकीएको विवरणको आधारमा System ले स्वत प्राधमिकताक्रम निर्धारण गर्दछ।

- सुचिकृत बेरोजगारलाई सामुदायिक पुर्वाधार निर्माण , सडक सम्बन्धी आयोजनाहरुमा खटाइने गरिएको छ।
- बेरोजगारहरूको ज्ञान, सीप, योग्यता, अनुभव र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धीत तालिम केन्द्रमा सिफारिस गर्ने गरिएको छैन।

## ४.६ मध्यनेपाल नगरपालिका लमजुङका जनप्रतिनिधि, कर्मचारी तथा सेवाग्राहीले प्रधानमन्त्री रोजगार कार्यक्रमको बारेमा पेश गरेका समस्या, राय तथा सुझावहरूः

- बेरोजगार तथ्याङ्क सँकलन गर्दा केवल न्यून ज्यालामा काम गर्न ईच्छुकहरुको मात्र तथ्याँक आउने भएकोले बेरोजगार तथ्यांङ्क अपूर्ण रहेको।
- श्रमिकहरूको ज्याला जिल्ला दररेटसँग सामञ्जस्य गरिनुपर्ने।
- रोजगार सेवा केन्द्रका कर्मचारीलाई क्षमता विकास सम्बन्धी तालिम सँचालन गर्नुपर्ने।
- रोजगार सेवा केन्द्रलाई रोजगारी सम्बन्धी माग र आपूर्तिको सूचना केन्द्रको रुपमा स्थापित गर्नुपर्ने।
- प्रधानमन्त्री रोजगार कार्यक्रमको नामलाई सबै नागरिकहरूले स्वामित्व बोध गर्न नसकेको अवस्था छ(पदमा रहेको व्यक्ति तथा पार्टी विशेषको कार्यक्रमको रूपमा बुझ्ने र आफ्ना कार्यकर्तालाई पैसा बाड्न कार्यक्रम आएको भन्ने बुझाई रहेको)।

## ४.७ रूपा गाउँपालिका

### उपलब्ध गराईएको प्रश्नावलीबाट लिइएका विवरणहरूः

- रोजगार सेवा केन्द्रको स्थापना २०७५ चैतदेखि भएको र स्थानीय तहका नागरिकहरुमा प्रधानमन्त्री रोजगार कार्यक्रमको बारेमा सुचना प्रवाह भईरहेको।
- रोजगार सेवा केन्द्रमा एक जना रोजगार संयोजक र एक जना प्राविधिक सहायक रहेको।
- यस आर्थिक वर्ष २०८०।८१ मा ६०१ जना बेरोजगारीको सुचिकृत भएको, पुरूष ३८९ र महिला २१२ जना।
- लाभग्राही परिचयपत्र वितरण नभएको।
- बेरोजगारहरुबाट संकलन गरिएका फाराम EMIS मा प्रविष्ट गरेपछि तोकीएको विवरणको आधारमा System ले स्वत प्राथमिकताक्रम निर्धारण गर्ने गरेको।
- हाल सम्म पटक पटक गरि ४६६ जनालाई रोजगारी प्रदान गरिएको।
- आ.ब. २०८०।८१ मा स्थानीय तहको अदक्ष कामदारको ज्याला दररेट को ८०% बमोजिम रू ८५२ को प्रतिदिनको ८०% ले हुन आउने रू ६८० ज्याला दर निर्धारण गरिएको।

- बैंक मार्फत श्रमिकको ज्याला भुक्तानी भएको,
- गुनासो व्यवस्थापन सम्बन्धी व्यवस्था भएको र गुनासोहरु हालसम्म वडा स्तरमा नै समाधान गरिएको,
- सरकारी, निजी, सहकारी संस्थासँग समन्वय तथा सहकार्यको सम्बन्धमा केहि रोजगारदाताहरूसँग समन्वय गरिएको तर स्थानीय व्यक्ति रोजगारदाताको प्राथमिकतामा नपर्ने।
- विभिन्न सामाजिक सञ्जाल तथा सुचनापाटी मार्फत रोजगारीको अवसरबारे सुचना प्रवाह भएको।

**४.८ रूपा गाउँपालिका कास्कीका जनप्रतिनिधि, कर्मचारी तथा सेवाग्राहीले प्रधानमन्त्री रोजगार कार्यक्रमको बारेमा पेश गरेका समस्या, राय तथा सुझावहरूः**

- सुचिकृत बेरोजगारीहरु वैदेशिक रोजगारीमा जाने क्रम धेरै बढेको
- बेरोजगार सुचिकरणको लागि निर्मित फारमको ढाँचा बैज्ञानिक भएन,
- कतिपय अवस्थामा वास्तविक बेरोजगार सुचिकृत हुन नसकेर अर्कैलाई काममा लगाउनु परेको, जस्ले गर्दा काम वास्तविक बेरोजगारले गरेता पनि भुक्तानी भने अर्कैको नाममा दिनु परेको।
- नेमिस लाई अगाडि बढाउनुपर्ने।
- कर्मचारीलाई काम थोरै भएको, सशर्त अनुदानको कार्यक्रम कार्यान्वयन मात्र गर्नु पर्ने।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सरसफाई गरी पैसा बाड्ने कार्यक्रम जस्तो भास्य स्थापना भएको।
- उत्पादन मुलक कामको पहिचान गरी बेरोजगारीलाई काम दिन नसकिएको।
- अदक्ष कामदारलाई दक्ष बनाउनुपर्नेमा दक्ष(मिस्त्रि)लाई पनि अदक्ष(लेवर)को काम दिनु परेको छ।

## ४.९ गोरखा नगरपालिका, गोरखा

**उपलब्ध गराईएको प्रश्नावलीबाट लिइएका विवरणहरूः**

- रोजगार सेवा केन्द्रको स्थापना २०७५ चैतदेखि भएको र स्थानीय तहका नागरिकहरुमा प्रधानमन्त्री रोजगार कार्यक्रमको बारेमा सुचना प्रवाह भईरहेको।
- रोजगार सेवा केन्द्रमा एक जना रोजगार संयोजक, रोजगार सहायक र एक जना प्राविधिक सहायक रहेको।

- यस आर्थिक वर्ष २०८०।८१ मा ६१७ जना बेरोजगारीको सुचिकृत भएको।
- लाभग्राही परिचयपत्र वितरण भएको।
- बेरोजगारहरुबाट संकलन गरिएका फाराम EMIS मा प्रविष्ट गरेपछि तोकीएको विवरणको आधारमा System ले स्वत प्राधमिकताक्रम निर्धारण गर्ने गरेको।
- आ.ब. २०८०।८१ मा स्थानीय तहको अदक्ष कामदारको ज्याला दररेट को ८०% बमोजिम रू ८५२ को प्रतिदिनको ८०% ले हुन आउने रू ६८० ज्याला दर निर्धारण गरिएको।
- बैंक मार्फत श्रमिकको ज्याला भुक्तानी भएको,
- गुनासो व्यवस्थापन सम्बन्धी व्यवस्था भएको र गुनासोहरु हालसम्म वडा स्तरमा नै समाधान गरिएको,
- सरकारी, निजी, सहकारी संस्था सँग समन्वय तथा सहकार्यको सम्बन्धमा केहि रोजगारदाताहरू सँग समन्वय गरिएको तर स्थानीय व्यक्ति रोजगारदाताको प्राथमिकतामा नपर्ने।

## ४.१० गोरखा नगरपालिका, गोरखाको जनप्रतिनिधि, कर्मचारी तथा सेवाग्राहीले प्रधानमन्त्री रोजगार कार्यक्रमको बारेमा पेश गरेका समस्या, राय तथा सुझावहरूः

- चौमासिक रूपमा बजेट प्राप्त हुनुपर्ने भएता पनि समयमानै पर्याप्त बजेट नहुँदा ज्याला भुक्तानीमा समस्या भएको।
- कार्यकक्ष तीन जनाको लागि साघुँरो रहेको।
- कामदारहरुलाई सुरक्षित औजारहरु उपलब्ध गराउनु पर्ने,
- कामको प्रकृतिको आधारमा ज्याला दर रेट फरक हुनुपर्ने,(ढुङगा फुटाउने र सरसफाईको लागि एउटै ज्यालादरमा गुनासो)
- संघ र प्रदेशबाट स्थानीय तहमा आयोजित योजनाहरुमा सूचीकृत बेरोजगारहरुलाई प्राथमिकता दिई काममा संलग्न गराउनु पर्ने,
- सडक हेरालुको रूपमा समेत सुचिकृत बेरोजगारीहरूलाई काम प्रदान गरिएको।
- प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि न्युनतम लागत साझेदारी स्थानीय तहबाट समेत अनिवार्य गर्नको लागि नीतिगत व्यवस्था गर्नुपर्ने।
- न्युनतम रोजगारीमा संलग्न गर्न नसकिएका व्यक्तिहरूलाई अन्य तालिमका कार्यक्रमहरूमा अवसर प्रदान गर्नुपर्ने, प्रधानमन्त्री रोजगार कार्यक्रमको मोडालिटी परिवर्तन गर्नुपर्ने।
- प्रधानमन्त्री रोजगार कार्यक्रमको विषयमा पालिकाकै जनप्रतिनिधि तथा कर्मचारीहरूलाई पर्याप्त मात्रामा अभिमुखीकरण गर्नुपर्ने।

## ५.समस्याहरूः

- बेरोजगारहरूलाई न्युनतम १०० दिनको रोजगार कार्यक्रम दिने नीति भएतापनि बेरोजगार सूचिमा सुचिकृत अधिकांश बेरोजगारहरूले प्रायस पालिकामा १०% श्रमिकले मात्र काम पाएको देखियो। बाँकी ९०% सुचिकृत बेरोजगारीलाई यस कार्यक्रमले समेट्न सकेको छैन।
- यस कार्यक्रम मार्फत रोजगारप्राप्त गर्ने व्यक्तिहरूले पनि कार्यक्रमको अवधिभर एकपटकमात्र काम पाएको देखिन्छ। जस्ले गर्दा बाँकी वर्षमा उनीहरू बेरोजगार नै रहन बाध्य छन्।
- श्रमिकको ज्यालादर जिल्ला दररेट भन्दा न्युन रहेको हुँदा श्रमिकहरूको सदैव गुनासो रहेको।
- कतिपय स्थानीय तहमा वडागतरूपमा भागबण्डामा श्रमिकहरू सिफारिस गर्ने गरेको देखियो जस्ले लक्षित बेरोजगारीलाई कार्यक्रमले समेट्न नसकेको अवस्था रहेको।
- वास्तविक बेरोजगार श्रमिक प्राविधिक समस्याका कारण सुचिकृत हुन नसक्दा सुचिकृत हुने अर्कै व्यक्तिको नाममा ज्याला भुक्तानी दिनुपरेको जस्ले गर्दा स्वास्थ्य बिमा लगायतका जटिलता रहेको।
- स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम प्राथमिकतामा नपर्नु।श्रममुलक प्रविधि प्रयोग गरी गर्न सकिने काममा समेत मेसिनको प्रयोग हुनु, प्रधानमन्त्री रोजगार कार्यक्रमलाई स्थानीय तहहरूले अझै आन्तरिकीकरण गर्न नसकिएको।
- कामदारहरूको लागि पर्याप्त सुरक्षा सामग्रीको व्यवस्था नहुँदा कामदारहरुले जोखिम बहन गरी काम गर्नु पर्ने स्थिति देखिएको।
- बेरोजगारहरुको ज्ञान, सिप, योग्यता, अनुभव र बजारको माग बमोजिम सिप विकास तालिमको लागि पर्याप्त अबसर नभएको।
- निर्माण सामग्रीको अभावमा श्रममुलक कामको गुणस्तर कायम गर्न नसकिएको।
- निजी क्षेत्र लगायतका रोजगारदाताहरूसँग समन्वय तथा गरी रोजगारको क्षेत्रहरूमा पहुँच बढाउने कार्य हुन नसकेको।
- प्रधानमन्त्री रोजगार कार्यक्रम सङ्घीय सरकारको मात्र कार्यक्रम नभएर तीनै तहका सरकारसँग समन्वय र सहकार्यमा सञ्चालन हुने कार्यक्रम हो। स्थानीय तहले यसलाई सङ्घीय कार्यक्रमको रुपमा मात्र बुझिदिँदा यस कार्यक्रमप्रति स्थानीय तहलाई अपनत्वबोध नहुनु।

- पर्याप्त रोजगारीको क्षेत्रहरुको पहिचान गरी सबै सुचिकृत बेरोजगारहरूलाई न्यूनतम रोजगारी प्रदान नगर्नु।
- रोजगारदाता र बेरोजगार बीचको सम्बन्ध सेतुको रूपमा रहेको रोजगार सेवाकेन्द्रले रोजगारमूलक सेवा एकद्वार प्रणालीबाट सेवा प्रवाह नगर्नु।
- सामाजिक संरक्षणको अवधारणाबाट विकसित कार्यक्रमबाट प्राप्त क्रियाकलापको गुणस्तर अभिवृद्धि कायम गर्न नसक्नु।

## ५. सुझावहरू:

- स्थानीय तह आफैंमा प्रमुख रोजगारदाता भएकोले कम्तिमा स्थानीय तहबाट सञ्चालित कार्यक्रम र आयोजनाहरूमा अनिवार्य रूपमा सूचिकृत बेरोजगारहरूबाट नै काम गराउनु पर्ने बाध्यकारी व्यबस्था गर्ने, श्रममूलक प्रकृतिका आयोजनाहरूमा सुचिकृत बेरोजगारहरूलाई प्राथमिकता दिई छनौट गर्न नीतिगत व्यवस्था गरिनुपर्ने।
- उत्पादनमुलक क्षेत्रको पहिचान गरी सुचिकृत बेरोजगारीहरूलाई काममा लगाउन सकिने अवस्थाको सिर्जना गरिनुपर्ने।
- सूचिकृत बेरोजगारहरूलाई सामाजिक सुरक्षाको दायरामा समेट्ने गरी कार्यक्रमलाई पुनरावलोकन गरिनुपर्ने।
- कामको अवसर नपाएका सुचिकृत बेरोजगारहरूलाई स्थानीय तह अन्तर्गत अन्य शाखा तथा कार्यक्रम मार्फत गरिने क्षमता अभिवृद्दिका कार्यक्रममा आवद्दता गराउने(महिला बालबालिका शाखाको कार्यक्रम, मेडपा आदि)
- सूचीकृत बेरोजगारहरूको सीप, क्षमता विकास गर्न, बजारको माग अनुसार आवश्यक सीप, तालिमको लागि तालिमकेन्द्रमा सिफारिस गर्ने।
- रोजगार प्रदायक संघ संस्था (सरकारी, निजी तथा गैरसरकारी) तथा सरोकारवाला निकायसँग रोजगारीको सम्भाव्य क्षेत्र र अबसरको लागि निरन्तर समन्वय एवम् सहकार्य गर्नुपर्ने।
- स्थानीय तहले अनिवार्य रूपमा न्युनतम बजेट विनियोजन गर्ने नीतिगत व्यवस्था गरी लागत साझेदारीमा खर्च गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी हुने।
- जिल्ला दररेटमा व्यवस्था भएबमोजिमको ज्याला निर्धारण गर्दा न्यायिक हुने।
- स्थानीय तहमा निजी क्षेत्रबाट सञ्चालित उद्योगधन्दा, कलकारखाना, होटल व्यवसाय लगायतका क्षेत्रमा उपलब्ध भएसम्म रोजगार सेवाकेन्द्रमा सूचिकृत दक्ष, अर्धदक्ष र अदक्ष

बेरोजगारहरुलाई रोजगारी दिन निजी क्षेत्र र अन्य रोजगार प्रदायक संघसंस्थासँग निरन्तर समन्वय, सहकार्य तथा अनुरोध गर्ने।

- ज्याला भुक्तानी बैङ्क खातामार्फत गर्दा वितीय साक्षरता तथा पहुँच स्थापना भएतापनि भौगोलिक रूपमा कठिन पहाडी तथा हिमाली जिल्लाको हकमा वैकल्पिक उपायको खोजी गर्दा प्रभावकारी हुने।
- रोजगार कार्यक्रमको कार्यान्वयनको लागि तीनै तहका सरकार साथै सरोकारवाला निकायहरू बिचको निरन्तर समन्वय छलफल र सहकार्य गरिनुपर्ने।
- कार्यक्रमको प्रभावकारी कार्यन्वयन भए नभएको सम्बन्धमा समय समयमा सम्बन्धित निकायहरुले प्रभावकारी अनुगमन, निरीक्षण र पृष्ठपोषण गर्नुपर्ने।
- प्रधानमन्त्री रोजगार कार्यक्रमको बारेमा स्थानीय तहका सबै जनतामा उपयुक्त माध्यमबाट सूचना प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्ने।
- जनप्रतिनिधि, कर्मचारी तथा रोजगारदाताहरूलाई निरन्तर गरी कार्यक्रमप्रति सहयोग अभिवृद्दि हुने वातावरण तयार गर्ने।
- श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले प्रधानमन्त्री रोजगार कार्यक्रमको विषयमा पर्याप्त मात्रामा सरोकारवाला पक्षहरूलाई सूचना सञ्चार तथा क्षमता विकासको लाागि अवसर प्रदान गर्नुपर्ने।
- श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कार्यक्रमको लागि समयमै बजेट निकासा गरी सहजीकरण गर्ने।
- सुचिकृत बेरोजगारहरूलाई सीपमुलक तालिम प्रदान गरिनुपर्ने।
- कार्यक्रमलाई राष्ट्रिय स्वरोजगार कार्यक्रमको रूपमा परिणत गर्नुपर्ने।
- रोजगार सेवाकेन्द्रका कर्मचारीहरूलाई कामको लोड अत्यन्त कम भएकोले रोजगार तथा स्वरोजगारमुलक अन्य थप जिम्मेवारी दिनुपर्ने।

## ६.निष्कर्षः

संविधानले नै रोजगारीको हकको प्रत्याभुति गरिएको सन्दर्भमा राज्यबाट बेरोजगारहरूलाई न्युनतम दिनकै भएपनि रोजगार दिने काम प्रशंसायोग्य छ। आर्थिक रूपले विपन्न परिवारलाई सामाजिक संरक्षण गर्नुपर्ने दायित्व लोककल्याणकारी राज्यको रहेको छ।यस कार्यक्रमले बेरोजगारहरूलाई विभिन्न मापदण्डहरूको आधारमा सुचिकृत गरि केहि सुचिकृतहरूलाई न्युनतम ज्यालामा न्युनतम सय दिनको रोजगारी दिएर भएपनि विपन्न परिवारमा राहत प्रदान गरेको छ।स-साना गोरेटो बाटो, विद्यालयका खेलकुद मैदानको मर्मत, मन्दिरको मर्मत सम्भार, सिढी निर्माण तथा मर्मत सम्भार, चौताराहरूको निर्माण, मर्मत तथा सम्भार, सरसफाई जस्ता श्रममुलक कार्यक्रमहरू यस मार्फत हुदै आइरहेको छ। यति हुँदा हुँदै पनि यस कार्याक्रमलाई दिगोपना, लागत प्रभावी र स्वरोजगारमुलक दृष्टिकोणले पनि हेरिनु पर्दछ।एकातिर ऋण सहयोगमा सञ्चालित यस कार्यक्रमबाट ठूलो बेरोजगार संख्यालाई समेट्न सकेको छैन भने अर्को तिर रोजगार प्राप्त गर्ने श्रमिकसँग अन्य क्षमता(सीप, पूजी, प्रविधी) नहुँदा निरन्तर रोजगारमा रहने अवस्था रहेको देखिदैन। यस कार्यक्रमको लागि संस्थागत संरचना तयार भई न्युनतम लगानी भईसकेको, कार्यक्रमको कर्मचारीहरूमा क्षमता अभिवृद्धि तथा समझदारी वृद्धि भइसकेको तथा स्थानीय तहहरूमा पनि कार्यक्रमलाई प्रभावकारी बनाउन सकरात्मक सोच रहेको देखिन्छ। तसर्थ यस कार्यक्रमबाट पृष्ठपोषण लिई देखिएका समस्याहरूको समाधान गर्दै उत्पादनशिल तथा स्वरोजगारमुलक कार्यक्रमको रूपमा ढाँचा परिवर्तन गरी सबै बेरोजगारहरूलाई समेट्न सकिने तरिकाले सोच निर्माण गरिनुपर्दछ।

### अनुसुची:१, विभिन्न कार्यालयमा अनुगमनको क्रममा कर्मचारी तथा जनप्रतिनिधिहरू सँग प्रधानमन्त्री रोजगार कार्यक्रमको विषयमा छलफलको सन्दर्भमा लिइएको तस्विर














रूपा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपाकोट, कास्की
गण्डकी प्रदेश, कास्की
स्था.: २०७३




श्री
कुँवरेश्वर
शिव पाञ्चायन कुल देवताको मन्दिर
(वत्सगोत्रीय कुँवर खड्का परिवार)
मन्दिर परिसर जाने बाटो
वनभोज स्थल (Picnic Spot)

# अनुसुची-२

## सरोकारवालासँगको समुह छलफल प्रश्नावली

**नेपाल सरकार**
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
**रोजगार सेवाकेन्द्रको सेवा प्रवाह अनुगमन**
**कर्मचारी, जनप्रतिनिधि लगायत सरोकारवालासँगको समुह छलफलप्रश्नावली**

१. रोजगार सेवा केन्द्र कहिलेदेखि संचालनमा आएको हो? रोजगार सेवा केन्द्रबारे स्थानीय तहका सबै नागरिकहरूलाई सुचना प्रवाह गर्नु भएको छ ?

२. रोजगार सेवा केन्द्रको भौतिक अवस्था कस्तो छ?

३. रोजगार सेवा केन्द्रको जनशक्ति व्यवस्थापनको अवस्था कस्तो छ?

४. रोजगार सेवा केन्द्रमा हालसम्म सुचिकृत बेरोजगार व्यक्तिहरूको संख्या कति छ?

५. सुचिकृत बेरोजगारहरूको खण्डिकृत तथ्याङ्क छ छैन? भए कुन स्वरूपमा राखिएको छ?

६. लाभग्राहि परिचयपत्र वितरण गरिएको छ, छैन?

७. सुचिकृत बेरोजगारहरूको प्राथमिकीकरण कसरी निर्धारण गर्नुभएको छ ?

८. सुचिकृत बेरोजगारहरू मध्ये कतिजनालाई न्युनतम रोजगारी प्रदान गरिएको छ?

९. वार्षिक रूपमा औसत कति दिनसम्मको रोजगारी दिनुभयो?

१०. प्रतिदिन ज्यालाको दर कसरी निर्धारण गर्नुभएको छ ?

११. सुचिकृत बेरोजगारहरूलाई कुन कुन काममा खटाउनुभयो ?

१२. उक्त काम दिंदा कामदारहरू सन्तुष्ट भएको महसुस गर्नुभयो? काम/श्रम प्रति उहाँहरुको टिप्पणी कस्तो थियो?

१३. आयोजनाहरूको लागत निर्धारण कसरी गरिएको छ, आयोजनाको कार्यान्वयन कसरी गरिन्छ?

१४. श्रमिकको ज्याला भुक्तानी कुन माध्यमबाट गर्नुभएको छ?

१५. स्थानीय तहले तर्जुमा गरेका योजना कार्यान्वयन गर्दा रोजगार सेवा केन्द्रबाट श्रमिकहरूको माग हुन्छ हुँदैन?

१६. स्थानीय तहभित्रको रोजगारीको सम्भाव्य स्थिति विश्लेषण गरी रोजगारीको तथ्याङ्क संकलन गर्ने गर्नुभएको छ?

१७. बेरोजगारहरूको ज्ञान, सीप, योग्यता, अनुभव र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धीत तालिम केन्द्रमा सिफारिस गर्नुंभएको छ ?

१८. बैदेशिक रोजगार बोर्डबाट उपलब्ध गराइने आर्थिक सहायता वितरण सम्बन्धी कार्यमा रोजगार सेवा केन्द्रले के कसरी सहजीकरण गरेको छ ?

१९. सुचिकृत बरोजगारहरुलाई आवश्यक पर्ने रोजगारमुलक सेवा, सहायता र सुविधा प्रदान गरिएको छ छैन?

२०. गुनासो व्वबस्थापन सम्बन्धी व्यवस्था र अवस्था के छ?

२१. रोजगारदाता( सरकारी, निजी, सहकारी संस्था) सँग समन्वय तथा सहकार्यको अवस्था कस्तो छ?

२२. रोजगारदाताको लागि श्रमिकको उपलब्धताको सम्भाव्यता जानकारी रोजगारदातालाई दिनुभएको छ?

२३. रोजगारीको अवसर पहिचान गरी सुचना प्रवाह भएको छ ?

२४. रोजगार सेवा केन्द्रले सिर्जनशिल भई अभ्यास गर्न योग्य कुनै कार्य गरेको भए सो कार्यको बारे जस्तैः अन्य रोजगारमुलक कार्यक्रमहरू के के छन् ?

२५. रोजगार सेवा केन्द्रका समस्याहरू के के छन्?

२६. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यन्वयन गर्न के गर्नु पर्ला ?

## अनुसूचीः३

## सेवाग्राही लक्षित प्रश्नावली

**नेपाल सरकार**
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
**रोजगार सेवाकेन्द्रको सेवा प्रवाह अनुगमन**
**सेवाग्राहि लक्षित प्रश्नावली**

१) यस रोजगार कार्यक्रमको बारेमा कसरी सुचना/जानकारी प्राप्त गर्नुभयो ?

..............................................................................................................

२) तपाईले लाभग्राहि परिचयपत्र प्राप्त गर्नुभएको छ, छैन?

- छ
- छैन
- छैन भने किन............................

३) तपाईले यस रोजगार सेवाकेन्द्रवाट रोजगारी प्राप्त गर्नुभएको छ?

- छ
- छैन
- छैन भने किन.................................

४) तपाईले रोजगार सेवा केन्द्रबाट वार्षिक रूपमाऔसत कति दिन काम पाउनुभयो?

......................................................................................................................

५) प्रतिदिन काम गरे बापत कति ज्यालापाउनुभयो?

..........................................................................

६) पाएको ज्यालादरमा तपाई सन्तुष्ट हुनुहुन्छ?

- छ
- छैन
- छैन भने किन...............................................

७) तपाईले के कस्ता काम गर्नुभयो?

कामको प्रकृति....................................................................

८) तपाई उक्त काम प्रति सन्तुष्ट हुनुहुन्छ?

- छु
- छैन
- छैन भने किन?..........................................................

९) ज्याला भुक्तानी कुन माध्यमबाट प्राप्त गर्नुभयो?

- नगदै
- बैङ्क खातामार्फत
- अन्य

१०) रोजगार सेवा केन्द्रले तपाईलाई आवश्यक पर्ने सीप, क्षमता विकास जस्ता कुनै तालिम दिएको छ छैन?

- छ
- छैन
- छ भने कुन तालिमहरू .....................................................

११) यस रोजगार सेवा केन्द्र प्रति तपाईको कुनै गुनासो छ वा छैन ?

- छ
- छैन
- छ भने ......................................

१२) यस रोजगार सेवाकेन्द्रको सेवा प्रवाहमा सुधार ल्याउन के के गर्नु पर्छ भन्ने तपाईलाई लागेको छ लेख्न सक्नु हुनेछ-

......................................................................................................................................
..........................................................................................................................

# अनुगमनमा सहभागी कर्मचारीहरू

- श्री कुशला पौडेल, उपसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।
- श्री कविता फुयाँल, उपसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।
- श्री लोकप्रसाद फागो, शाखा अधिकृत, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।
- श्री पंकजलाभ कर्ण, शाखा अधिकृत, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय।